# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## खप्तडछान्ना गाउँपालिका
## बझाङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्योंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं.३१६ मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
खप्तडछान्ना गाउँपालिका,
बझाङ ।

**कैफियत सहितको राय**

हामीले खप्तडछान्ना गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु.३ करोड ६३ लाख ६२ हजार बेरुजु देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने रु.३० लाख ७३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२ करोड ९६ लाख १८ हजार र नियमित गर्नुपर्ने रु.३६ लाख ७१ हजार रहेको छ । पालिकाको गत वर्षसम्म रु.७ करोड ५३ लाख ४२ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फर्स्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.१० करोड १६ लाख ७५ हजार रहेको छ । पालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**
२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

खप्तडछान्ना गाउँपालिका,बझाङ

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५३ | ३९ | ३६३६२ | ० | ० | ० | ५३ | ३९ | ३६३६२ | ३०७३ | ३६७१ | २९६१८ | ० | ० | ३३२८९ | ० |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ७५३४२ | ० | १००२९ | ६५३१३ | ० | ३६३६२ | १०१६७५ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : खप्तडछान्ना गाउँपालिका, बझाङ , खप्तड छन्न गाउँपालिका , बझाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | दिपक कुमार रावल | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | मदन राज जोशी | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ३६,३६२,७०१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ५३,३५,७९९.९४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३४,६६,३६,०८० | **चालु खर्च** | २७,५८,८१,३०८.६ |
| **प्रदेश सरकारबाट अनुदान** | २,५६,४४,००० | **पूँजीगत खर्च** | १२,९०,६५,९७७.७ |
| **राजश्व बाँडफाँट** | ५,३०,९६,५१८.८ | **वित्तीय/अन्य व्यवस्था** | ८,२७,०१,७४८ |
| **आन्तरिक आय** | ६,८३,८५४ | | |
| **अन्य आय** | ७,२५,०३,२०९.८७ | | |
| **कुल आय** | ४९,८५,६३,६६२.६७ | **कुल खर्च** | ४८,७६,४९,०३४.३ |
| **बाँकी मौज्दात** | | १,६२,५०,४२७.४२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय-**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, ३९ सभा सदस्य, ११३.५२वर्ग किलोमिटर क्षेत्रफल तथा १५ हजार ८९३ जनसंख्या रहेको छ ।<br>**वित्तिय विवरण-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २ | | | **बैंक हिसाव मिलान नगरेको-**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु. | ९,२६३,१९९ |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार २०७8 असार मसान्तको ।बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०७8 असार मसान्तको बाँकी |
|---|---|---|---|
| १ | सञ्चित कोष | 14752016.25 | 5488817.20 |
| २ | चालु खाता | 0 | 0 |
| ३ | पूँजीगत खाता | 0 | 0 |
| ४ | मर्मत खाता | 0 | 0 |
| ५ | धरौटी खाता | 1088944.18 | 1088944.18 |
| ६ | प्रकोप व्य कोष खाता | 409466.99 | 409466.99 |
| | | 16250427.42 | 6987228.37 |

३

**आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना

तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।

• निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्पmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

| | | | | |
|---|---|---|---|---|
| | | | • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४ | | | **लेखापरीक्षण प्रतिवेदन उपर छलफल**<br>लेखापरीक्षण ऐन २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने र सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल नगरी कार्यपालिकाको वैठकमा पेश सम्म गरेको देखीयो । लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थाकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ । | |
| ५ | | | **कानून र सञ्चालन स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४८ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ११ वटा ऐन, ५ वटा नियमावली, १५ वटा कार्यविधि लगायत ४३ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएकोछ । साथै पालिकाले ४३ वटा कानूनहरु तर्जुमा गरेको छ ।आवश्यक कानूनहरु तर्जुमा गरी प्रभावकारी कार्यान्वयन हुनु पर्दछ । | |
| ६ | | | **कार्य सञ्चालन कार्यविधि**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ स्थानीय तहको कार्य क्षेत्र निर्धारण गरेको छ र दफा १२ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र अन्तर्गतको काम कर्तव्य र अधिकार प्रयोग गर्न आवश्यक कानून कार्यविधि तथा मापदण्ड बनाई लागु गर्नु पर्ने व्यवस्था छ । पालिकाले ऐनको उल्लिखित प्रावधान अनुरुप कार्यविधि तथा मापदण्ड नबनाई निम्नानुसार कार्यक्रम संचालन गर्दै आएको छ । कार्यपालिका बाट कार्यविधि स्वीकृत गराएर कार्य गर्नु पर्दछ ।<br>**क्र स** — **कार्यक्रमको नाम**<br>१ — अध्यक्ष वृहत विकास कार्यक्रम<br>२ — महिला सँग उपाध्यक्ष कार्यक्रम | |
| ७ | | | **न्यायिक समिति** | |

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ० र यो बर्ष थप भएको ३४ गरी कूल ३४ विवाद दर्ता भएकोमा ३४ वटा मात्र फछ्र्यौट भएको देखिन्छ । | |
| ८ | | | **योजना र कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । स्थानीय आवधिक योजना तर्जुमा गरी सोही अनुसार दीगो पुँजि निर्माणमा स्रोतको उपयोग हुनु पर्दछ ।<br>क्र.सं. / विवरण / योजनासंख्या:<br>१ / रु १ लाखभन्दा कमको योजना / २९८<br>२ / रु एक लाखएक देखि २ लाख सम्मका योजना / ४७<br>३ / रु २ लाख देखि ५ लाख सम्म / ९३<br>४ / रु ५ लाखदेखि १० लाख सम्मका योजना / ४६<br>५ / दश लाख एकदेखि ५० लाख सम्मका योजना / १२<br>६ / ५० लाख भन्दा माथीका / १०<br>/ **जम्मा** / **४५९** | |
| ९ | | | **बजेट पेश,पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत | |

| क्र.सं. | विवरण | योजनासंख्या |
|---|---|---|
| १ | रु १ लाखभन्दा कमको योजना | २९८ |
| २ | रु एक लाखएक देखि २ लाख सम्मका योजना | ४७ |
| ३ | रु २ लाख देखि ५ लाख सम्म | ९३ |
| ४ | रु ५ लाखदेखि १० लाख सम्मका योजना | ४६ |
| ५ | दश लाख एकदेखि ५० लाख सम्मका योजना | १२ |
| ६ | ५० लाख भन्दा माथीका | १० |
| | **जम्मा** | **४५९** |

भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहका उपाध्यक्ष श्री पाउसरा देवी थापाले २०७७।३।१० गते रु. ३८ करोड २ लाख ६४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।२५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१०

**अवण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष अध्यक्ष वृहत विकास कार्यक्रमको रुपमा रू ३० लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट विभिन्न योजना बनाई खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

११

**चौमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| बजेट उपशिर्षक | खर्च रकम | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | जम्मा |
| चालु खर्चतर्फ | 89.08 | 55637198.39 | 77451547.97 | 143292562.20 | 276381308<br>56 |
| पूँजिगत खर्चतर्फ | 96.65 | 16162000 | 41834654.88 | 71069322.84 | 129065977.72 |
| जम्मा | | 71799198.39 | 119286202.85 | 214361885.04 | 405447108.28 |
| प्रतिशत | | **17.71** | **29.42** | **52.87** | **100** |

उल्लिखित विवरण अनुसार पहिलो चौमासिकमा १७.७१ प्रतिशत, दोस्रो चौमासिकमा २९.४२ प्रतिशत र तेस्रो चौमासिकमा ५२.८७ प्रतिशत खर्च गरेको देखियो । आर्थिक वर्षको अन्त्यमा खर्च गर्ने पद्धतिमा सुधार गरी सार्वजनिक खर्च व्यवस्थापनमा गुणात्मक सुधार ल्याउनु पर्दछ ।

१२

**क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | 1372500 | 13463000 | ७.४ |
| २ | पूर्वाधार विकास | 769290<br>0 | 76165000 | ४१.८९ |
| ३ | सामाजिक विकास | 41678000 | 39769000 | २१.८७ |
| ४ | बातावरण तथा विकास | 600000 | 442000 | ०.२५ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | 9<br>97000 | 7574000 | ४.१७ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | 56613000 | 44422000 | २४.४२ |
| | जम्मा | **१८६२८९५००** | **181835000** | **100** |

उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७७।७८ को कूल खर्च मध्ये सबैभन्दा बढी पूर्वाधार विकासमा ४१.८९ प्रतिशत र सबै भन्दा घटी वातावरण तथा विकासमा ०.२५ प्रतिशत खर्च भएको छ । मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यनव्यन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ ।

१३

**खर्च बिश्लेषण**

पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रू. ६८३८५४.० राजस्व बाँडफाँड र अनुदानबाट रू. समेत रू.३९९७३२५९८.८ आम्दानी भएकोमा चालु तर्फ रू.२७६३८१३०८.६ र पूँजिगत तर्फ रू.१२९०६५९७७.७ र बित्तिय ब्यबस्था तर्फ रू. ० समेत रू. ४१६८२७२३६.४७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.१६ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ६५७२८००.० खर्च भएको छ जुन आन्तरिक आयको ९६१.१४ प्रतिशत रहेको छ ।

पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६.३१ प्रतिशत चालु र ३३.६९ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

१४

**चालु बजेटबाट पूँजीगत प्रकृतिका खर्च**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३ मा सभाबाट विनियोजित बजेट सीमा तथा शिर्षक बाहिर खर्च गर्न नसकिने र दफा ७९ मा कुनै शिर्षकबाट पुँजिगत शिर्षकमा २५ प्रतिशत सम्म रकमान्तर गर्न सकिने व्यवस्था छैन । पालिकाले देहाय अनुसारका चालु शिर्षकबाट पूँजीगत खर्च गरेकोमा तोकिए बमोजिम रकमान्तर नगरी खर्च गरेको देखियो ।

| सि.नं. | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | भाटगाँउ गलकोट हुदै कृषि सडक निर्माण उ स | सडक निर्माण | 512500.00 |
| २ | गा पा पर्खाल निर्माण उ स | पर्खाल निर्माण | 1000000.00 |
| ३ | गा पा कार्यालय भवन निर्माण | भवन निर्माण | 2699892.00 |
| | जम्मा | | 4212392.०० |

१५

**कन्टिन्जेन्सी खर्चको अभिलेख**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ५ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७७/७८ को कन्टीन्जेन्सी अभिलेख नराखेकोले कन्टिन्जेन्सी खर्च एकिन भएन । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गर्नु पर्दछ ।

१६

**कर्मचारी करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ३२ जना कर्मचारीहरु करारमा राखी रु.१०१९२०००.० खर्च लेखेको छ ।

<table>
<tr><td>१७</td><td></td><td></td><td>वडा सचिवको पदपूर्ति<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।वडा सचिवको पद पुर्ति समयमा हुन नसक्दा स्थानीय तहको विकास निर्माण तथा सेवा प्रवाह लगायत प्रभावित हने भएकोले कर्मचारी व्यवस्थापन हुनु पर्दछ ।<br><table><tr><td>वडा संख्या</td><td>वड सचिवको दरबन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr><tr><td>७</td><td>७</td><td>७</td><td>०</td></tr></table></td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>स्थानीय तथ्याङ्क,अभिलेख तथा स्रोत नक्साङ्कन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखियो । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>सेवा प्रवाहको स्थिति<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :</td><td></td></tr>
</table>

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ११९९ |
| मृत्युदर्ता | १५० |
| बसाईसराई दर्ता | ११५ |
| विवाह दर्ता | १४४ |
| सम्बन्धविच्छेद दर्ता | ० |
| **प'र्वाधार विकास सडक निर्माण** | १ किमि |
| कालोपत्रे सडक निर्माण | मि. |
| कालोपत्रे सडक मर्मत | 0 |
| ग्राभेल सडक निर्माण | कि.मि. |
| ग्राभेल सडक मर्मत | कि.मि. |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।

२०

**पदाधिकारी सुविधा**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची–२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानित


https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| | | | सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जसअनुसार सुदूरपश्चिम प्रदेश सरकारले प्रथम संशोधन गरी २०७७ असार ११ मा राजपत्रमा प्रकाशन गरेको उक्त स्थानीय तहका पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूची १ मा उल्लेख भए बमोजिमको दरमा यस पालिकाका ३९ नगर सभा सदस्यहरुको लागि सुविधा स्वरुप रू ६५७२८००।०० खर्च लेखेको देखियो । | |
| २१ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.२००००००.० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २२ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले विभिन्न प्रयोजनको लागि यो वर्ष ७ व्यक्ति एवं संघ संस्थालाई रु.१९००००.० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २३ | | | **मन्दिर निर्माण तथा मर्मत**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष विभिन्न ३० वटा मन्दिरहरु निर्माण तथा मर्मतमा रू.५५ लाख ६६ हजार विनियोजन गरी रु.५३ लाख ३५ हजार खर्च लेखेको छ । दिगो र उत्पादनमूलक क्षेत्रमा पुँजिगत बजेट बिनियोजन गरी स्थानीय रोजगारी सृजना तथा गरिवी निवारणमा केन्द्रित हुनु पर्नेमा मन्दिर निर्माण जस्ता धार्मिक कृयाकलापमा कूल पालिकाको पुँजिगत बजेटको ४.१३ प्रतिशत खर्च भएको देखियो । भक्तजनहरुको आस्था र दान भेटीबाट संरक्षण तथा सम्वर्द्धन गर्नु पर्ने गरी मन्दिरहरुको व्यवस्थापनमा सम्बन्धित उपभोक्ताहरु लाई जिम्मेवारी बढाई पालिकाले स्थानीय वित्तीय आधार बढाउन बढी ध्यान दिनु पर्दछ । | |
| २४ | | | **मापदण्ड वेगर अनुदान**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । व्यक्ति वा संस्थालाई दिइने अनुदान निश्चित मापदण्डमा आधारित हुनु पर्दछ । तर पालिकाले देहायका नाफामूलक प्रकृतिका संस्थालाई सोझै अनुदान रकम उपलव्ध गराएको देखियो । निश्चित मापदण्ड विना छनौट भएका व्यक्ति वा संस्थालाई दिइनर् अनुदान खर्चमा प्रभावकारी नियन्त्रण हुनु पर्दछ । | |

| सि.नं. | अनुदान पाउने संस्थाको नाम | प्रयोजन | अनुदान रकम |
|---|---|---|---|
| १ | खत्री फर्निचर उद्योग | मेशिन खरीद | ५००००.० |
| २ | थापा कुटानी पिसानी मिल | जेनेरेटर खरीद | २०००००.० |

२५

**अन्य कार्यालयको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ।यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| क्र स | कार्यलय वा संस्थाको नाम | कामको प्रकृतिको | भुक्तानी रकम |
|---|---|---|---|
| १ | नेपाल प्रहरी | मासिक ईन्धन | २००००.० |
| २ | नेपाल प्रहरी | कोरोना नियन्त्रण ६ नं वडामा प्रहरी पोष्ट स्थापना | २०००००.० |

२६

**अनुदान फिर्ता**

१४,६५६,००५

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानिकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु



https://nams.oag.gov.np

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | 221136080 | 199785806.03 | 10759944.21 | 10590329.76 |
| | विषेश | 15000000 | 14805000 | | 195000.0 |
| | समपुरक | 9100000 | 9100000 | | 0 |
| | जम्मा | २४५२३६०८० | 224179758 | 10759944.21 | 10785329.76 |
| प्रदेश सरकार | शसर्त | 2800000 | 2660000 | ४३७००६.० | -२९७००६ |
| | विषेश | 6800000 | 6800000 | ० | ० |
| | समपुरक | 9069000 | 4901318.63 | ० | 4167681.37 |
| | जम्मा | १८६६९००० | 14361318.63 | ४३७००६.० | 3870675.37 |

२७

**अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले विभिन्न कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदको लागि विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

२८

**अनुगमन प्रतिवेदन**

विशेष अनुदान तथा समपुरक सम्बन्धी कार्यविधि २०७५ मा विशेष र समपुरक अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले नियमित अनुगमन गर्नु पर्ने र सोको अनुगमन प्रतिवेदन तथा चौमासिक रुपमा प्रगति प्रतिवेदन सम्बन्धित प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयग मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था छ ।त्यसैगरी समपुरक अनुदानबाट संचालित योजनाहरुको नियमित अनुगमन गर्न सम्बन्धित योजना प्रभावित क्षेत्रको निर्वाचित प्रदेश सभा सदस्यको अध्यक्षतामा गठित अनुगमन समितिले अनुगमन प्रतिवेदन

| | | | | |
|---|---|---|---|---|
| | | | तयार गरी सम्बन्धित प्रदेश सरकार समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाबाट निम्नानुसार विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालित निम्नानुसार योजनाहरुको कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाएको छैन । कार्यविधिको व्यवस्था अनुसार अनुगमन हुनु पर्दछ । | |

| क्र स | स्रोत | योजनको नाम | खर्च |
|---|---|---|---|
| १ | संघीय समपुरक अनुदान | गा पा कार्यालय भवननिर्माण | 20000000.00 |
| २ | | प्राविधिक शिक्षालय | 226000.00 |
| ३ | | बड्डी कुलो सिचाई | 6212879.00 |
| | **जम्मा** | | **26438879.00** |
| १ | संघीय विशेष अनुदान | लमतडा मा वि भवन निर्माण | 2562609.00 |
| २ | | कालु खेति स्वास्थ्य चौकी भवन निर्माण | 6295433.00 |
| | **जम्मा** | | **8858042.00** |
| १ | प्रदेश समपुरक अनुदान | वडा न ३ कार्यालय भवन निर्माण | 2111107.00 |
| २ | | वडा न ४ कार्यालय भवन निर्माण | 2411226.00 |
| ३ | | वडा न ७ कार्यालय भवन निर्माण | 2513236.00 |
| ४ | | लमतडा मा वि घेरवार | 2300276.00 |
| | **जम्मा** | | **9335845.00** |
| १ | प्रदेश बिशेष अनुदान | खापारेश्वर सामुदायिक भवन निर्माण | 1720000.00 |
| २ | | महालिङ् बाडफाला सामुदायिक वन घेरवार | 1900000.00 |
| ३ | | नवदुर्गा सामुदायिक वन घेरवार | 950000.00 |
| ४ | | तल्लीमाड जिम्कोट सिचाई कुलो | 1900000.00 |

| | | |
|---|---|---|
| | जम्मा | **6470000.00** |

२९

**कारोवारको लेखाङ्कन**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता कार्यदक्षता प्रभावकारिता र औचित्यता समेत कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । यस पालिका बाट संचालित जेसिबीको निम्नानुसारको आय व्ययको विवरण अनुसार कूल व्ययको जममा ६० प्रतिशत मात्र आय भएको अवस्था छ ।यसरी संचाचिल जेसीबीले कति सेवा ग्राहीलाई सेवा दिइएको थियो । जेसीवी कति घण्टा चलाइएको थियो सो सम्बन्धी तथ्याङ्क अध्यावधिक गरी राखेको छैन जसले गर्दा यी सेवा संचालनमा भएको आम्दानी र खर्चको यथार्थता परीक्षण गर्ने सकिने स्थिति छैन । पालिकाले स्रोतको सुनिश्चितताको आधारमा आफ्नो सेवा व्यवस्थापनलाई प्रभावकारी बनाउनु पर्दछ । लागत लाभको आधारमा कार्यविधि तय हुनु पर्दछ ।

| **आय** | | **व्यय** | | |
|---|---|---|---|---|
| **विवरण** | **रकम** | **विवरण** | **रकम** | |
| जेसीवी भाडा वापत | | जेसीवीको चालको पारिश्रमिक | | |
| | | सहचालकको पारिश्रमिक | | |
| | | मर्मत खर्च | 602943.00 | |
| | | ईन्धन खर्च | | |
| जम्मा | | जम्मा | | |

३०

**कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>
मूल्य अभिबृद्धि कर<br>
मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ र ८ मा मुअकर मा दर्ता भएका प्रत्येक व्यक्तिले आफुले कुनै बस्तु तथा सेवाको आपुर्ति गर्दा तोकिए बमोजिमको बिजक जारी गर्नु पर्ने र मुअकर योग्य बस्तु तथा सेवा बिक्रीमा मुअकर असुल गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिहरु मार्फत निम्नानुसारको सडक खन्ने कार्य गर्दा मु अ करमा दर्ता भएको फर्मबाट एक्साभेटर तथा मेशिन भाडामा लिएकोमा तोकिए बमोजिम बिजक जारी नगरी सेतो कागजमा भरपाई पेश गरेको देखियो । जसले गर्दा निजले बिक्रीमा असुल गरेको मुअकर लुकाउनुका साथै बिक्री खातामा अभिलेख नराखी आय समेत नदेखाउन सक्ने सम्भावना रहन्छ । अतः यस पालिकाबाट भुक्तानी भएको निम्नानुसार रकमको सम्बन्धमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट मूल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण पेश गर्नु पर्ने रू
<table>
<tr><th>भौ न मिति</th><th>योजनाको नाम</th><th>दर्तावाल फर्मको नाम</th><th>भुक्तानी भएको भाडा रकम</th></tr>
<tr><td>4/6/30</td><td>छान्ना रोड मर्मत समिति</td><td>कल्पना निर्माण सेवा</td><td>1911600.00</td></tr>
<tr><td>191/3/1</td><td>भाटगाँउ गलकोट हुदै कृषि सडक निर्माण</td><td>कमल कान्त पन्त</td><td>201600<br>00</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>2113200.00</td></tr>
</table>
</td><td>२७४,७१६</td></tr>
<tr><td>३२</td><td></td><td></td><td>
मूल्य अभिबृद्धि कर भुक्तानी<br>
७।२०७८/३/११ गैर आवासिय भवन निर्माण डि.पि.आर का लागि जलजला ईन्जिनियरिङ्ग कन्सल्टेन्ट प्रा.लि. सँग रु १९८०८९०.० मा सम्झौता भएको । उक्त सम्झौता बमोजिम डि.पि.आर तयार पश्चात रकम निकासाका लागि विल पेश गर्दा १३ प्रतिशत मु.अ.कर रु २२७८९०.० को ५० प्रतिशत रु ११३९४५.० कट्टि नगरी भुक्तानी दिएकोले उक्त कार्यको मु.अ.कर समायोजन पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने ।
</td><td>११३,९४५</td></tr>
<tr><td>३३</td><td></td><td></td><td>करकट्टी नगरी भुक्तानी</td><td>९,७२०</td></tr>
</table>

आयकर ऐन, २०५८ को दफा ८८ अनुसार लगानी प्रतिफल वा सेवा शुल्क वापतको भुक्तानी गर्दा १५ प्रतिशतका दरले कर कट्टी गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले देहायबमोजिमको कार्यक्रम र भुक्तानीमा करकट्टी नगरी भुक्तानी गरेकोले कर वापतको रकम रु.९७२०।- असुल गरी दाखिला गर्नुपर्ने रु.

| भौ.नं. र मिति | कार्यक्रम | भुक्तानी लिने | भुक्तानी रकम | लाग्ने कर | कैफियत |
|---|---|---|---|---|---|
| २१७-२०७८।३।३० | पोषण संवेदनसिल कार्यक्रम | खड्करा‍ज जोशी | २४८००.० | ३७२०.० | सहजकर्ता भत्ता |
| १७०-२०७८।३।२० | पोषण संवेदनसिल कार्यक्रम | जनक थापा मगरले भुक्तानी लिई ५ जनालाई वितरण | ४००००.० | ६०००.० | |
| जम्मा | | | ६४८००.० | ९७२०.० | |

३४

**उपभोक्ता समिति दर्ता**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न २१८ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रू. १४ करोड ३२ लाख ४१ हजार भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

३५

**उपभोक्ता समिति मार्फत मेशिनको प्रयोग र भुक्तानी**

उपभोक्ता समिति मार्फत मेशिनको प्रयोग र भुक्तानीः पालिकाले स्वीकृत गरेको स्थानीय दररेटमा सडक निर्माणको क्रममा प्रयोग गरिने मेशिनको भाडा दररेट सडक विभागको नर्मस अनुसार हुने उल्लेख छ । सडक विभागले जारी गरेको Guidelines for Estimating Equipment Ownership and Operating Costs मा Excavator प्रयोग गर्दा लाग्ने प्रति घण्टा भाडा दर निम्नानुसार निर्धारण गरेको छ ।

८९९,९७४

| Ownership cost (NRs/Hr) | Servicing (NRs/Hr) | Maintenance (NRs/Hr) | Feul (L/hr) | Skilled hour | Total |
|---|---|---|---|---|---|
| **620** | **165** | **275** | **14.40** | **0.125** | |
| **620** | **165** | **275** | **1627#** | **19.471*** | **2606.67** |

*as per DOR Norms, District Rate Crew/hr = (30xDaily Rate)/(8x26) = (30x1080)/208 = 155.77, now as per DOR Norms 155.77x0.125=19.371

# as per NOC, Fuel rate = Rs 113 per Liter = 113x14.4

उल्लिखित व्यवस्था अनुसार मेशिन भाडा दर प्रतिघण्टा रू २६०६।६७ कायम गरिएको छ । अत सडक विभागको नर्मस अनुसार सबै प्रकारका माटो खन्ने कामको लागि प्रति ३६० घन मिटरको लागि १ दक्ष श्रमिक, ३ अदक्ष श्रमिक र ६ मेसिन घण्टा लाग्ने, सामान्य चट्टान काट्न प्रति १२० घन मिटर काट्न १ दक्ष श्रमिक, ३ अदक्ष श्रमिक र ६ मेसिन घण्टा लाग्ने र कडा चट्टान १६ घन मिटर काट्न १ दक्ष श्रमिक, १० अदक्ष श्रमिक र ६ मेसिन घण्टा लाग्ने उल्लेख छ । जस अनुसार आर्थिक वर्ष २०७७।७८ मा बझाङ जिल्लाको स्वीकृत ज्याला दररेटको आधारमा प्रति घन मिटर सडक निर्माणमा लाग्ने निम्नानुसारको लागत भन्दा पालिकाले बढी दरको लागत अनुमान तयार गरेको देखियो ।

| माटोको प्रकार | दर विश्लेषण अनुसार प्रतिघन मिटर लागत रू. | पालिकाले तय गरेको लागत अनुमान प्रति घन मिटर | बढी कायम भएको लागत प्रति घन मिटर दर |
|---|---|---|---|
| सामान्य माटो | **52.27** | **61.76** | **9.49** |
| कडा माटो | **52.27** | **82.69** | **30.42** |
| नरम चट्टान | **156.83** | **313.32** | **156.49** |
| कडा चट्टान | **1482.50** | **1396.18** | **-86.32** |

अतः पालिकाबाट उपभोक्ता समिति मार्फत भएका सडक निर्माण कार्यको लागि तयार गरेको लागत अनुमानमा सडक विभागको नर्मस भन्दा फरक दर तय भए बाट निम्नानुसार बढि भुक्तानी भएको देखियो । बढि भुक्तानी सम्बन्धित उपभोक्ता समितिहरुबाट असुल हुनु पर्दछ ।

| योजनाको नाम | सडकको प्रकृति | परिमाण घन मिटरमा | बढी कायम दर | बढी देखाइएको लागत रु |
|---|---|---|---|---|
| कुचेखोला शैलेश्वरी गाडीगाउ बागेश्वरी मायापाटी सडक मर्मत नि उ | सामान्य माटो | 2237.15 | 9.49 | 21230.00 |
| | कडा माटो | 1372.37 | 30.42 | 41750.00 |
| भाटगाँउ गलकोट हुदै कृषि सडक नि उ स | सामान्य माटो | 6021.83 | 9.49 | 57147.00 |
| | नरम चट्टान | 1241.59 | 156.49 | 194296.00 |
| पसलवगर चौका सडक सुधार स | सामान्य माटो | 1641 | 9.49 | 15573.00 |
| | नरम चट्टान | 796 | 85.69 | 68209.00 |
| खैराडी कुचेखोला मायापाटा सडक मर्मत | सामान्य माटो | 3442 | 14.64 | 50390.00 |
| भाटगाउ गलकोट हुदै कृषि सडक जोड्ने सडक | कडा माटो | 6021 | 36.42 | 219284.82 |
| | नरम चट्टान | 1241.60 | 156.49 | 194297.98 |
| तुफान डाँडा देखि भाग्योदय आ.वि. सम्म बाटो | समान्य माटो | 825.13 | 14.46 | 11931.38 |
| | कडा माटो | 850.25 | 30.42 | 25864.605 |
| | जम्मा | | | 899973.785 |

३६

**विल भर्पाई**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत सम्पादित कार्यको खर्चको विल भरपाई त्यसतो समितिबाट अनुमोदन भई कार्यालयमा पेश हुनु पर्ने व्यवस्था छ ।पालिकाबाट पेश भएको विवरण अनुसार निम्नानुसार उपभोक्ता समितिहरुबाट सम्पादित कार्यको भुक्तानी गर्दा पेश भएको विल भरपाइ नपुग पेश गरेको देखियो ।

३३१,४००

| | | | | |
|---|---|---|---|---|
| | | | भौ न ४ मिति २०७७।६।३० बाट मार्फत भएको भुक्तानी रू २८५००००।०० को सन्दर्भमा पेश भएको कागजातबाट रू १९११६००।०० को डोजर भाडा भुक्तानी, रू ४७५०००।०० को ईन्धन वापतको भुक्तानी र रू १८२०००।०० को ज्याला भुक्तानी समेत गर्दा रू २५६८६००।०० को विल भरपाई पेश भएकोमा नपुग विल भरपाई पेश गर्नु रू | |

| भौ न मिति | योजनाको नाम | भुक्तानी भएको रकम | पेश विल भरपाईको रकम | नपुग विल भरपाई रू |
|---|---|---|---|---|
| 4/6/30 | छान्ना रोड मर्मत समिति | 2850000.00 | 2568600.00 | 281400.00 |
| 221/3/232 | तुलराम थापालाई हस्तारित पाईप खरिद | 50000.00 | 0 | 50000.00 |
| | **जम्मा** | | | **331400.00** |

| | | | | |
|---|---|---|---|---|
| ३७ | | | **हेभि इक्विपमेन्टको प्रयोग**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई पालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । | |
| ३८ | | | **नर्म्स भन्दा बढी भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा सार्वजनिक निकायले कुनै निर्माण कार्यको लागत अनुमान स्वीकृत नर्मस तथा जिल्ला दररेट अनुसार कायम दरको आधारमा गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष उपभोक्ता समिति मार्फत निम्नानुसारको कार्यको लागत अनुमान तयार गर्दा खानेपानी पाइपलाइन पुर्ने (ब्याक फिलिङ) कार्यको नर्मस ०.२५ अदक्ष श्रमिक दिन राख्नु पर्नेमा ०.५ अदक्ष श्रमिक दिन राखेको देखिएकोले प्रति घन मिटर रू १८०.२५ बढी दर कायम भएको देखियो । बढी दरमा भएको भुक्तानी रकम सम्बन्धित उपभोक्ता समितहरुबाट असुल गर्नु पर्ने रू. | २९४,८२८ |


https://nams.oag.gov.np

| भौ न मिति | योजना तथा उपभोक्ता समितिको नाम | वास्तविक भन्दा बढी देखिएको परिमाण | बढि भुक्तानी दर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|
| 30/9/22 | लम्तडा खानेपानी नि उ स | 144.9 m3 | 180.25 | 26118.23 |
| 96/11/12 | कडालगाँउ खानेपानी उ स | 72 m3 | 180.25 | 12978.00 |
| 100/11/13 | खोर्खाली थामी पाइप द्वारा सिचाई कुलो नि उ स | 263 m3 | 180.25 | 47405.75 |
| 109/11/13 | अनारुवा देखि डण्डेसन पाइप सिचाई योजना | 109 m3 | 180.25 | 19647.25 |
| 138/11/2 | डिम्वरखोला खानेपानी उ स | 45.5 m3 | 180.25 | 8201.37 |
| 139/11/25 | मष्टामाण्डौ सिचाई कुलो नि उ स | 186.2 m3 | 180.25 | 33562.55 |
| 145/12/8 | वृगौतोला खानेपानी नि उ स | 94.8 m3 | 180.25 | 17087.7 |
| 154/12/18 | कालुखेती बजार खानेपानी मर्मत उ स | 60 m3 | 180.25 | 10815.00 |
| 164/1/14 | सिर्वा खानेपानी मर्मत तथा नि उ स | 128 m3 | 180.25 | 23072.00 |
| 174/2/19 | श्री कालिका नि मा वि खानेपानी उ स | 141.75 m3 | 180.25 | 25550.44 |
| 179/2/21 | सुतारीगाँउ ग्वालीकोट खानेपानी उ स | 99.9 m3 | 180.25 | 18006.98 |
| 181/2/25 | सीमडाँडा फुलवारी खानेपानी उ स | 55.86 m3 | 180.25 | 10068.77 |
| 192<br>3/2 | छात्रावस्ती खानेपानी नि उ स | 120 m3 | 180.25 | 21630.00 |
| 209/3/19 | मल्लो सेलाखेत पाइप द्वारा सिचाई कुलो योजना | 11<br>.75 m3 | 180.25 | 20683.69 |
| | जम्मा | | | 294827.73 |

३९ **बढी परिमाणको भुक्तानी** ७५३,३०५

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष उपभोक्ता समिति मार्फत निम्नानुसारको कार्यको नापजाँच गर्दा वास्तविक परिमाण भन्दा बढी परिमाणको कार्य उल्लेख हुन गइ भुक्तानी भएको देखिएकोले बढी भएको भुक्तानी रकम सम्बन्धित उपभोक्ता समितहरुबाट असुल गर्नु पर्ने रु

| **भौ न मिति** | **योजना तथा उपभोक्ता समितिको नाम** | **वास्तविक भन्दा बढी देखिएको परिमाण** | **दर** | **बढी भुक्तानी रकम** | **कैफियत** |
|---|---|---|---|---|---|
| ४५। ९।२८ | गा पा भवन पर्खाल नि उ स | PCC for RCC 14.025 cum | 26038.78 | 365194.00 | वालको चौडाई भन्दा पिसिसिको चौडाई धेरै भएको । |
| १८९। २।२७ | बाटका घट्ट देखि स्वाडी सम्म सिचाई कुलो नि उ स | Reinforcement 217.55 m3 | 132 | 28716.00 | क्यानलमा **main bar 6** र **distribution bar** को **spacing 0.15** उल्लेख भएकोमा फोटोमा **main bar 5** र **spacing** कम्तिमा **0.2** भन्दा बढि देखिएको । |
| १७३। २।१८ | फलामे प्लाष्टिक ट्रस निर्माण उ स | Iron gril 1914.74 g | 187.7 | 359396.00 | **Truss I** को फोटोमा **Bottom ties 2** वटा देखिएकोमा ४ वटा कायम गरेको र **Truss II** को फोटोमा **Bottom ties** नदेखिएकोमा ३६ वटा कायम गरेको । |
| | जम्मा | | | **753306.00** | |

४० **उपभोक्ता समितिलाई सिमाभन्दा बढीको कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडसम्म लागत अनुमान भएको सोही आर्थिक वर्ष भित्र सम्पन्न गर्न सकिने निमार्ण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने तथा उक्त लागतमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । तर पालिकाले यो वर्ष गाउँपालिकाको कार्यालय भवन पर्खाल लगाउने कार्यको लागि उपभोक्ता समिति मार्फत पटक पटक गरी रू १ करोड १ लाख ४६ हजार भुक्तानी गरेको छ । जसको कूल लागत अनुमान रू १ करोड ६४ लाख ८० हजार हुन जान्छ । सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था विपरीत हुने गरी यस्ता ठुला आयोजना निर्माणको कार्य उपभोक्ता समितिबाट नगरी प्रतिस्पर्धात्मक र मितव्ययी हुने गरी बोलपत्रको माध्यमबाट हुनुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| ४१ | | | **फरक दर**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा वास्तविक कार्य सम्पादनको आधारमा विल विजकको भुक्तानी गर्नु पर्ने व्यवस्था छ । महालिङ पाठपाला सामुदायिक वनको घेरवारको लागि भुक्तानी भएको रू १९ लाखको सन्दर्भमा पेश भएको विवरण अनुसार Barbed wire 12 swg 3 layaer horizontal, including angle post को लागि प्रति मिटर दर रू ९०३ कायम गरी ६६७ मिटरको लागि रू ६०२११७।०० भुक्तानी गरिएको छ । तर यसै पालिका अन्तर्गतको नवदुर्गा वन घेरवारमा उक्त आइटमको दर रू १९१।३४ राखी भुक्तानी भएको सन्दर्भमा सम्बन्धित प्राविधिकले दर रू १९१।३४ नै सही दर भएको भनिएकोले बढी भुक्तानी हुन गएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनु पर्दछ । | ४७४,६७७ |
| ४२ | | | **बार्षिक खरिद योजना/गुरुयोजना**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने । नियम ८ ले बार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु १२ करोड ९० लाख ६६ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ४३ | | | **खरिद प्रतिस्पर्धा**<br>सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम सार्वजनिक खरिदलाई खुला र प्रतिस्पर्धी बनाउन विभिन्न खरिद विधिहरुको प्रावधान छ । पालिकाले यो वर्ष पुजिगत प्रकृतिका खरिदमा रु १२ करोड ९० लाख ६६ हजार खर्च गरेकोमा ८ वोलपत्र मार्फत ३ करोड ९२ लाख ६५ हजारको खरिदमा मात्र प्रतिपर्धा कायम भएको छ । बाकी ६९.५८ प्रतिशत खरिद उपभोक्ता समिति वा सोझै विधिबाट भएको देखियो । खरिदलाई प्रतिस्पर्धात्मक र खुला बनाई सार्वजनिक स्रोतको महत्तम उपयोग हुनु पर्दछ । | |
| ४४ | | | **डिपिआर खर्च**<br>सबै तहको सरकारी निकायको लागि अर्थ मन्त्रालयबाट जारी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ मा सार्वजनिक संयन्त्रबाट सम्पादन हुन सक्ने सम्भाव्यता अध्ययन जस्ता कार्यमा परामर्श सेवा खरिद गर्न नहुने व्यवस्था छ । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| Detail Project Report of Ward Building (3,4,7) and Meltadi Ma Vi. | Engineer's World Pvt.Ltd. | **7,51,450** | | Meltadi Ma Vi = 47,93,994.18 Ward No.3 = 45,93,036.93 Ward No.7 = 49,28,173.15<br>Ward No. 4 = 46,91,860.96 |
| Detail Project Report of Kalukheti Health Post Building | Seismotech Engineering Consultancy | **3,95,500** | | **1,05,45,185.56** |
| Detail Project Report of Gadaraye School Building | Rise and Tread Pvt.Ltd. | **2,26,000** | | **1,00,20,693.69** |
| Detailed Engineering Survey,Soil Investigation,Detailed Design and Cost Estimate of 10 Bed Hospital Building at Khaptadchhanna Rural Municipality Bajhang | Jaljala Engineering Consultant Pvt. Ltd. | **19,00,000** | | **165,395,901.41** |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

४५

**सवारी साधन खरिद**

अर्थ मन्त्रालयले जारी गरेको सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ को बुदा न ७ मा सार्वजनिक निकायले सवारी नेपाल सरकारको स्रोत वा ऋणबाट सवारी साधन खरिद गर्न नहुने तर अत्यावश्यक भएको सन्दर्भमा अर्थ मन्त्रालयबाट सहमति लिएर मात्र खरिद गर्नु पर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले यस आर्थिक वर्षमा १ थान दुई पांग्रे सवारी साधन खरिदमा रु.३०८०००।- खर्च गरेकोमा उल्लिखित मापदण्डको शर्त बमोजिम अर्थ मन्त्रालयको सहमति लिएको देखिएन । संघीय मन्त्रालयले जारी गरेको मापदण्डको पालना गर्न पालिकाको ध्यान जानु पर्दछ ।

४६

**सफ्टवयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना

प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.४४९०००.० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

| सफ्टवेयरको नाम | प्रयोजन | रकम |
|---|---|---|
| राजश्व सप्टवेयर | गा पा र वडा कार्यालय | ४,३९,०००. |
| एस एम एस सप्टवेयर | गा पा | १०,०००.० |
| | जम्मा | ४४९०००.० |

४७

**निर्माण कार्यको गुणस्तर**

सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत आवश्यक व्यवस्था गर्नुपर्दछ । कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्यावियन तार, सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब परीक्षण जस्ता कार्य गराएको पाइएन।यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ ।

४८

**मालसामान तथा उपकरण खरिद**

सार्वजनिक खरिद ऐन २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिने बोलपत्र सम्बन्धी कागजातमा मालसामानको प्राविधिक स्पेशीकेसन उल्लेख गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१ मा सोही प्राविधिक स्पेशिफिकेशनमा आधारित भई सम्झौता गर्नु पर्ने र नियम ४२ मा आपुर्ति भएको मालसामान बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको स्पेशिफिकेसन बमोजिमको भए नभएको कुरा परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष खरिद गरेका निम्नानुसार माल सामान तथा उपकरणहरुको सम्बन्धित विषय विज्ञको सहायतामा प्राविधिक स्पेशिफिकेसन तयार पारेको देखिएन भने उपयुक्त प्राविधिक विशेषता निहित रहेको भनि सम्बन्धित विषय विज्ञबाट निरक्षण समेत भएको देखिएन जसले गर्दा खरिद गरिएका सामान गुणस्तरीय तथा आवश्यक प्राविधिक विशेषता भए नभएको एकिन गर्न सकिएन ।

| भौ.न. र मिति | मालसामानको विवरण | आपुर्तिकर्ता | भुक्तानी रकम |
|---|---|---|---|
| २००।३।१३ | लघु जल विद्युतको विद्युतीय सामान खरिद | घाटखोला लघु लजविद्युत आयोजनाको लागि | 300000.00 |
| ५५।१०।४ | मोटरसाइकल | बागेश्वरी अटोमोटिभ्स | 308897.00 |
| २१८।३।२३ | ल्यापटप प्रिन्टर्स | गडतौला ट्रेडर्स | 289950.00 |

४९ **विमा नगरेको**

सार्वजनिक खरिद नियमावली २०६४ को ११२ मा सार्वजनिक निकायले रु दश लाख भन्दा बढीको निर्माण कार्य गराउदा निर्माण व्यवसायीले निर्माण कार्य र सो सँग सम्बन्धित अन्य जनशक्ति तथा प्लाण्टहरु समेतको बीमा गर्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार रु १० लाख भन्दा माथिका निर्माण कार्य गर्न निर्माण व्यवसायी सँग सम्झौता गरेकोमा नियमावलीमा तोकेबमोजिम बीमा गरेको अवस्था छैन । भवन निर्माण जस्ता प्राविधिक रुपमा संवेदनशील संरचनामा निर्माणमा सम्भावित दुर्घटना बच्न बीमा अपरिहार्य रहेकोले सीमा भन्दा माथीका सबै निर्माण कार्यको बीमा गर्नु पर्दछ ।

| क्र स | निर्माण कार्यको विवरण | निर्माण व्यवसायीको नाम | लागत अनुमानमुअकर बाहेक | सम्झौता रकम मुअकर बाहेक |
|---|---|---|---|---|
| 1 | वडा न ३ कार्यालय भवन निर्माण | संजिवनी निर्माण सेवा | 4691963.00 | 2289108.23 |
| 2 | वडा न ७ कार्यालय भवन निर्माण | ओडखेत निर्माण सेवा | 5019476.00 | 2513236.00 |
| 3 | वडा न ४ कार्यालय भवन निर्माण | राताढुंगा निर्माण सेवा | 5019476.95 | 2439455.30 |
| 4 | लामतोला विद्यालय घेरवार | बर्मा बेताल निर्माण सेवा | 2590624.00 | 1301736.00 |
| 5 | कालुखेती स्वास्थ्य चौकी भवन निर्माण | राताढुंगा निर्माण सेवा | 10545185.56 | 6295433.12 |
| 6 | लम्तडी मेल्तडी मा वि भवन निर्माण | राताढुंगा निर्माण सेवा | 4641993.00 | 2417219.00 |
| | **जम्मा** | | 32508718.51 | 17256187.65 |

५० **स्रोतगत खर्चको हिसाव नमिलेको**

ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गत संचालित कार्यक्रमहरु सम्बन्धित उपभोक्ता समिति, नेपाल सरकार, पालिका र फिनल्याण्ड सरकार बीच लागत साझेदारीमा संचालन हुदै आएको छ । परियोजना र पालिका बिच भएको सम्झौतामा कूल लागतको २९.४ प्रतिशत फिनल्याण्ड सरकारको स्रोतबाट, ३५ प्रतिशत पालिकाको स्रोतबाट र ५.६ प्रतिशत नेपाल सरकारको स्रोतबाट व्यहोरिने गरी अंश तय गरिएको छ । सबै प्रकारका योजनामा उपभोक्ता समितिले लागतको ३० प्रतिशत अंश व्यहोरिने उल्लेख छ । पालिकाले पेश गरेको विवरण अनुसार निम्नानुसार योजनाहरु यस परियोजना अन्तर्गत संचालनमा रहेकोमा सम्झौतामा तोकिए बमोजिम फिन्ल्याण्ड सरकारको स्रोतबाट रू. २०२७५७७।१० र नेपाल सरकारको स्रोतबाट रू ३८६२०५।०० खर्च व्यहोर्नु पर्नेमा फिन्ल्याण्ड सरकारबाट रू. २२७३५६५।०० र नेपाल सरकारको स्रोतबाट रू २६५४०००।०० खर्च गरेको देखियो । जस अनुसार पालिकाले आफ्नो अशं वापत हुने रू. २४१३७८३।०० नेपाल सरकार तथा फिन्ल्याण्ड सरकारबाट खर्च लेखिएको देखियो । अत तोकिए बमोजिम स्रोतगत खर्चको हिसाब मिलान हुदुपर्दछ ।

| क्र स | आजयोजनाको नाम | यो बर्ष उ स को लागत वाहेकको खर्च (कूल लागतको ७० प्रतिशत) | नेपाल सरकारको अंस | फिनल्याण्ड सरकारले व्यहोर्नु पर्ने रकम रू |
|---|---|---|---|---|
| १ | घोराखेत खानेपानी योजना | 911571.00 | 72925.68 | 382859.8 |
| २ | जिम्कोट फुलवारी सोलार लिफ्टिङ् खानेपानी योजना | 1225096.00 | 98007.68 | 514540.3 |
| ३ | सिल्काबाडा सुनार गाँउ खानेपानी योजना | 2690898.00 | 215271.8 | 1130177 |
| | **जम्मा** | **4827565** | **386205.16** | **2027577.1** |

५१

**पाईप खरिद र जडान** १,३३५,००६

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी प्राविधिक नापजाँचको आधारमा तयार भएको मूल्याङ्कनको आधारमा गर्नु पर्ने व्यवस्था छ । यस पालिका भित्र संचालित यस परियोजना अन्तर्गतका परियोजनहरुमा खरिद भएका पाइपको लम्वाई र जडान भएको पाइपको लम्बाई विच फरक देखिन्छ । खरिद भएको सबै पाइपहरु जडान भएको प्राविधिक नापजाँचबाट पुष्टि हुदैन । खरिद भएका पाइपको लम्बाई भन्दा जडान भएका पाइपको लम्बाई कम देखिएको सन्दर्भमा निम्नानुसार योजनाहरुको खरिद भएको तर जडान हुन बाकी पाइपहरु जडान भएको प्रमाण पेश गर्नु पर्ने रू

| योजनको नाम | हालसम्म खरिद भएको पाइपको लम्बाईमिटर | हाल सम्मको जडान पाइपको लम्बाई मिटर | खरिद भएको तर जडा नभएको पाइपको लम्बाई मिटर | जडान नभएको पाइपको लागत औसत रू |
|---|---|---|---|---|
| घोराखेत खानेपानी योजना | 6050 | 5200 | 850 | 49237.00 |
| जिम्कोट फुलवारी सोलार लिफ्टिङ् खानेपानी योजना | 7186 | 5100 | 2086 | 120834.00 |
| सिल्काबाडा सुनार गाँउ खानेपानी योजना | 18504 | 10350 | 8154 | 1164935.00 |
| जम्मा | | | | 1335006.00 |

५२

**शिक्षक दरबन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३८ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।निम्नानुसार ४ विद्यालयमा शून्य शिक्षक दरबन्दी भएको स्कूलमा ८४ जना विद्यार्थी भर्ना भएको देखियो । विद्यार्थीको र शिक्षको दरबन्दी मिलान हुनु पर्दछ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | लामागडा आधारभूत विद्यालय | ३ | १ | २ | ७० |
| २ | मष्टा आवि | १ | | १ | ३० |
| ३ | गोर्खाली आवि | ५ | ३ | २ | १७६ |
| ४ | दुग्धेश्वरी आवि | ३ | १ | २ | ११५ |
| ५ | महेश्वरी मावि | १६ | १० | ६ | ७३९ |
| ६ | कालिका आवि डाँडाबाडा | ३ | १ | २ | ८४ |
| ७ | **भगवति आवि** | **०** | **०** | **०** | **१५** |
| ८ | कोटीखेत मावि | ५ | २ | ३ | ३८७ |
| ९ | मष्टेश्वरी आवि बडाकोट | २ | २ | | ६४ |
| १० | पाटादेवल मावि | ११ | ५ | ६ | ३३८ |
| ११ | खापरेश्वर आवि थापाथलि | २ | २ | | १२६ |
| १२ | शिशुदय आवि | २ | १ | १ | १०३ |
| १३ | खप्तड मावि | १३ | ९ | ४ | ३८७ |
| १४ | खप्तड आवि | ३ | ३ | ० | १०१ |
| १५ | बालविकास आवि | ३ | ३ | ० | १६३ |
| १६ | कालिका आवि | ७ | ५ | २ | १५० |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | खप्तड भवानि आवि | १ | ० | १ | ८७ |
| १८ | मेल्तडी मावि लम्तडा | ७ | ३ | ४ | ३८० |
| १९ | **बामिली आवि** | **०** | **०** | **०** | **२२** |
| २० | भाग्योदय आवि | ३ | ३ | ० | १९३ |
| २१ | **दुर्गाभवानी संस्कृत** | **०** | **०** | **०** | **२५** |
| २२ | दुर्गामहालिङ्ग मावि | १४ | ५ | ९ | ४२५ |
| २३ | ऐश्वर्य आवि | २ | २ | ० | ७२ |
| २४ | गौरीशंकर आवि | ३ | २ | १ | ६५ |
| २५ | ईश्वर आवि | ३ | ३ | ० | १६५ |
| २६ | जनकल्याण आवि | ३ | २ | १ | १४८ |
| २७ | बाठपाला आवि | २ | ० | २ | २२ |
| २८ | मष्टा आवि ऐचेलीबगर | २ | ० | २ | ३९ |
| २९ | जगदम्बा आवि | ७ | ४ | ३ | १६१ |
| ३० | शिद्धकालिका आववि | १ | ० | १ | ५० |
| ३१ | शैलेश्वरी मावि | ६ | ४ | २ | २४७ |
| ३२ | **कालाढुङ्गा आवि** | **०** | **०** | **०** | **२२** |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३३ | वागेश्वरी आवि | ३ | ३ | १ | ११६ |
| ३४ | लामातोला मावि | १७ | १२ | ५ | ५३३ |
| ३५ | शिबशक्ति आवि | २ | ० | २ | २५ |
| ३६ | मष्टेश्वरी आवि छोटाखेत | २ | २ | ० | २० |
| ३७ | राष्ट्रभाषा आवि छात्रबस्ठी | २ | २ | ० | ५२ |
| ३८ | खापरेश्वरी आवि सुतारीगाँउ | २ | ० | २ | ३९ |

| | | | | |
|---|---|---|---|---|
| ५३ | | | **शिक्षकको तलवी प्रतिवेदन**<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७७।७८ अनुसार स्थायी शिक्षकहरुको तलबी प्रतिवेदन जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइमार्फत विद्यालय शिक्षक किताबखानाबाट पारित गराई प्राप्त तलबी प्रतिवेदनको अधकारमा अनुदान दिने व्यवस्था मिलाउने उल्लेख छ । गाउँपालिकाले आ.व. २०७७।७८ मा नगरपालिका भित्रका सम्पूर्ण शिक्षकको तलबी प्रतिवेदन पारीत नगराई विद्यालयले माग गरेको आधारमा तलव भत्ता भुक्तानी गरेको छ । जसबाट विद्यालयका सम्पूर्ण शिक्षकको तलब र ग्रेड एकिन गर्न सकिदैन । | |
| ५४ | | | **कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान**<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७६।७७ को सि.नं. ९.२ अनुसार विद्यालयबाट प्राप्त प्रस्तावनाको आधारमा विद्यालयको कार्यसम्पादन मुल्याङ्कन प्रति विद्यालय रु. ५० हजारका दरले अनुदान उपलब्ध गराउने उल्लेख छ । गाउँपालिकाले निर्देशिका विपरित इश्वर निम्न माध्यमिक विद्यालयलाई रु.७००००।– उपलब्ध गराएकोले बढि रकम रु.२००००।– असुल गरी दाखिला गर्नुपर्ने रु. | २०,००० |
| ५५ | | | **अंग्रेजि,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान**<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. १९३ मिति २०७७।१०।११ को पत्र अनुसार कुनै पनि दरवन्दी नभएको माध्यमिक विद्यालयमा २ शिक्षक व्यवस्थापन गर्न र एउटा मात्र दरबन्दी भएको विद्यालयलाई १ शिक्षक व्यवस्थापन गर्न प्रति शिक्षक ६ महिनाको रु.२ लाख १६ हजारका दरले अनुदान निकासा दिने उल्लेख छ । गाउँपालिकाले माध्यमिक विद्यालयलाई मात्र अनुदान उपलब्ध गराउनु पर्नेमा देहायबमोजिमको आधारभूत विद्यालयलाई निकासा गरेको अनुदान रकम अनियमित देखिएको रु. | ३००,००० |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><th>क्र.सं.</th><th>विद्यालय</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>२</td><td>जनकल्याण नि.मा.वि.</td><td>१०००००.०</td><td rowspan="3">आधारभूत विद्यालयलाई अनुदान दिएको</td></tr>
<tr><td>३</td><td>भाग्योदय नि.मा.वि.</td><td>१०००००.०</td></tr>
<tr><td>४</td><td>बालविकास नि.मा.वि.</td><td>१०००००.०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३०००००.०</td><td></td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>५६</td>
<td></td>
<td></td>
<td>
EMIS भन्दा बढी निकासा<br>
शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७७।७८ अनुसार विद्यालयमा विद्यार्थीगत रकम निकासा गर्दा सम्बन्धित विद्यालयले प्रवृष्टि गरेको विद्यालर्थीको विवरणको आधारमा अनुदान उपलब्ध गराउने उल्लेख छ । पालिकाले EMIS मा प्रविष्टि गरेको विद्यार्थी भन्दा विद्यालयले माग गरेको विद्यार्थीलाई आधारमा मानी अनुदान उपलब्ध गराउँदा गाउँपालिकालाई देहायबमोजिम वढी व्ययभार परेको छ । अत निकासा रकम सम्बन्धित कार्यक्रममा नै खर्च भएको नभएको एकिन गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>कार्यक्रम</th><th>निकासा भएको रकम</th><th>EMIS अनुसार निकासा हुनुपर्ने रकम</th><th>बढी रकम</th></tr>
<tr><td>१</td><td>कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा शिक्षण सहजीकरणका लागि शैक्षिक कार्यक्रम</td><td>१२०४४००.०</td><td>११०१६००.०</td><td>१०२८००.०</td></tr>
<tr><td>२</td><td>छात्रावृत्ती अनुदान</td><td>१२०७६००.०</td><td>९२००००.०</td><td>२८७६००.०</td></tr>
<tr><td>३</td><td>प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामाग्री व्यवस्थापन अनुदान</td><td>१३५५०५०.०</td><td>११५०३५०.०</td><td>२०४७००.०</td></tr>
<tr><td>४</td><td>निशुल्क पाठ्यपुस्तक अनुदान</td><td>३३३४०१८.०</td><td>२६९०१७४.०</td><td>६४३८४४.०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>७१०१०६८</td><td>५८६२१२४.०</td><td>१२३८९४४.०</td></tr>
</table>
</td>
<td>१,२३८,९४४</td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ५७ | | | **शिक्षकको बढी तलव भुक्तानी**<br>शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । स्रोतव्यक्ति श्री खडकराज जोशीको २०७६ मा पारित तलबी प्रतिवेदनलाई आधार मानि तलबमान हिसाब गर्दा निजको बार्षिक तलब (तलब, ग्रेड, स्थानीय भत्ता, महंगी भत्ता, कर्मचारी संचय कोष, विमा, पर्व खर्च, पोशाक खर्च आदि) रु.५३०२७६।– निकासा हुनुपर्नेमा रु.८०८४५८।– निकासा भएकोले बढी निकासा रकम सम्बन्धित शिक्षकबाट असुल गरी दाखिला गर्नुपर्ने रु. | २७८,१८२ |
| ५८ | | | **निःशुल्क पाठ्यपुस्तक अनुदान**<br>कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७।७८ को सि.नं. ३.१ अनुसार एकीन संख्याका आधारमा दोस्रो चौमासिक भित्र विद्यालयहरुलाई अनुदान दिनु पर्दछ । यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र त्यसपछी २०७८ वैशाखबाट सुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा संख्या एकीन गरी नपुग हुने रकम मात्र थप अनुदान दिने व्यवस्था गर्ने उल्लेख छ । कार्यालयले निर्देशिका विपरित विद्यालयको मागको आधारमा एकमुष्ट रु.३३३४०१८।– विद्यालयलाई अनुदान उपलब्ध गराएको छ । विद्यार्थीको प्रमाणीत कागजातका आधारमा नपुग रकम एकिन नगरी एकमुष्ट रकम निकासा पठाएकोले निर्देशिका विपरीत पठाएको पाठ्यपुस्तकको रकम वरावर विद्यार्थिले पाठ्यपुस्तक पाएको एकिन हुन सकिदैन । अत निर्देशिका बमोजिम सुरुमा ७५ प्रतिशत तथा EMIS विवरणको अधारमा काजगता प्रमाणित गरि थप २५ प्रतिशत रकम निकासा गर्नुपर्दछ । | |
| ५९ | | | **आमा सुरक्षा तथा ANC कार्यक्रम**<br>१४८-२०७७।३।२९, स्वास्थ्य कार्यक्रममा संघीय सशर्त अनुदान बजेट खर्च गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालबाट जारी गरीएको आर्थिक वर्ष २०७६।७७ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शन अनुसार खर्च गर्नुपर्दछ । मार्गदर्शनमा सेवाग्राही गर्भवती सेवा लिन स्वास्थ्य संस्थामा आए बापत हिमाली क्षेत्रमा यातायात खर्च रु.३०००।–, चार पटक गर्भ जाँच गराएवापत रु.८००।– र सामान्य प्रसुति वापत स्वास्थ्य संस्थालाई रु.१०००।– उपलब्ध गराउने उल्लेख छ । लामतडा आधारभुत स्वास्थ्य केन्द्रमा तेस्रो चौमासिकमा ९ जनाले सामान्य प्रशुती सेवा लिएको र ९ जनाले ४ पटक नियम गर्भ जाँच गराएकोमा उक्त स्वास्थ्य केद्रलाई रु. ४३२००।– भुक्तानी हुनुपर्नेमा रु.४७२००।– भुक्तानी भएकोले बढी भुक्तानी रकम रु.४०००।– सम्बन्धित स्वास्थ्य संस्थाबाट असुल गरी दाखिला गर्नुपर्ने रु. | ४,००० |
| ६० | | | **आमा सुरक्षा कार्यक्रम व्यक्ति करार**<br>संघीय सशर्त अनुदान बजेट खर्च गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालबाट जारी गरीएको आर्थिक वर्ष २०७७।७८ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शन अनुसार खर्च गर्नुपर्दछ । कार्यक्रम सञ्चालन मार्गदर्शनको सि.नं.२.१ अनुसार स्थायी अनमी कार्यरत वर्थिङ सेन्टरमा महिनामा प्रति अनमी औसत ५ वा सो भन्दा कम प्रसुति भएको खण्डमा त्यस्ता वर्थिङ्ग सेन्टरमा करारको अ.न.मी. खटाउन नपाउने व्यवस्था छ । गाउँपालिकाले छान्ना स्वास्थ्य चौकी (बार्षिक ३५ जना), गडराय स्वास्थ्य चौकी (वार्षिक ४३ जना) पाटादेवाल स्वास्थ्य चौकी (बार्षिक ३१ जना) र | |

कालुखेत स्वास्थ्य चौकी (बार्षिक २४ जना) मा वार्षिक ६० भन्दा कम अर्थात मासिक औषत ५ भन्दा कम प्रसुति हुने गरेको तथ्याङ्क रहेको छ । गाउँपालिकाले उल्लेखित संस्थामा समेत अनमी करारमा खटाइ तलब बार्षिक रु.११८४०००।- भुक्तानी गरेको छ । मार्गदर्शनले तोकेको प्रक्रियाका आधारमा मात्र खर्च लेख्नुपर्दछ ।

६१

**औषधि खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । गाउँपालिकाले कोटेशन माग गरी त्यसैको आधारमा औषधि आपूर्तकसंग सम्झौता नै नगरी देहायबमोजिम रु.११६३६७९।- बराबरको औषधी तथा औषधिजन्य सामाग्री सोझै खरीद गरेको छ ।

| भौ.नं. र मिति | आपूर्तिकर्ता | रकम | कैफियत |
|---|---|---|---|
| ९१-२०७८।२।२० | ग्लोबल ड्रग सप्लायर्स | ५४९५९४.० | |
| ९२-२०७८।२।२० | सान्वी मेडिसिन सप्लायर्स | ४९९०९७.० | |
| १६९-२०७८।३।२० | सुभेक्षा फार्मेसी | ११४९८८.० | |
| जम्मा | | ११६३६७९.० | |

औषधि खरिद सम्बन्धमा राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको औषधीको मुल्य अनुसारको औषधि खरीद कार्य नगरेको, आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफिइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन गर्न सकिदैन । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारेर जिन्सी अभिलेख व्यवस्थित गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

६२

**संघिय शसर्त तर्फबाट अन्य खर्च** १,१२२,३०५

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ (२) अनुसार शसर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्न सक्नेछ र सम्वन्धीत प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्ने व्यवस्था छ । सोही अनुसार संघीय सशर्त अनुदानको बजेट खर्च गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालबाट जारी गरीएको स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शन अनुसार खर्च गर्नु पर्नेमामा गाउँपालिकाले मार्गदर्शन विपरित देहायबमोजिम रु. ११२२३०५.०भुक्तानी रकम नियमित गर्नु पर्ने रु.

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भौ.नं. र मिति</td><td>कार्यक्रम</td><td>खर्च</td><td>रकम</td></tr>
<tr><td>२१०-२०७८।३।२८</td><td>स्वास्थ्य कर्मी पारिश्रमिक</td><td>कोभिड जोखिम भत्ता स्वास्थ्य सेवाका कर्मचारी</td><td>१०८६५०५.०</td></tr>
<tr><td>२११-२०७८।३।२८</td><td>स्वास्थ्य संस्था नभएको वडाको संचालन खर्च</td><td>स्वास्थ्य करार कर्मचारीको जोखिम भत्ता</td><td>३५८००.०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>११२२३०५.०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा मन्दिर निर्माण, सिँचाइ कुलो निर्माण, बाटो पि.सि.सि. टंयाङ्की निर्माण, खानेपानी योजना निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ५२८ जनालाई रोजगारी उपलव्ध गराई रु.६५०७०००.० खर्च गरेको छ । लक्षित वर्गलाई अधिकतम ७८ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रममा सामाग्री खरिद<br>कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थपान) कार्यविधि, २०७७ को बुँदा ६ अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रमबाट विनियोजन भएको रकम श्रमिकको ज्यालामा मात्रै खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहायबमोजिमको योजनामा रु.४१०७३९९।– रकम विजनियोजन भएकोमा सवै रकम ज्यालामा खर्च नगरी सामाग्री खरिदमा रु.१७२६८२५।- खर्च लेखेको तथा तथा नापी किताब अनुसार पेश हुनुपर्ने भन्दा कम विल विजक पेश भएको रकम रु.३८९५९५।– को विल भर्पाइ पेश गर्न लगाइ नियमित गर्नुपर्ने रु.</td><td>१,७२६,८२५</td></tr>
</table>

| भौ.नं. | योजना | बजेट खर्च | MB अनुसार सामाग्री खरिद गर्नुपर्ने | सामाग्रीको विल पेश भएको | नपुग विल विजक |
|---|---|---|---|---|---|
| ४० | माझिगाउँ PCC बाटो निर्माण | २९६९५८ | १०६६५२ | ८१७६८ | २४८८४ |
| ४१ | डाडाखेत वयालपाटा सिँचाइ कुलो | १९७९८२ | १०६८७७ | १०६८७७ | ० |
| ४२ | खडिगडा खहरे सिँचाइ कुलो निर्माण | ३९५९८४ | २०४०८९ | ६७७६७ | १३६३२२ |
| ४६ | विलकाट्ने देखि तोलिसम्म बाटो निर्माण | २९६९९७ | ५१७७२ | ३७०६४ | १४७०८ |
| ४७ | धुवाघाट PCC बाटो निर्माण | २४७४९४ | ८७४१६ | ८१३७७ | ६०३९ |
| ५४ | माडीखेत दुदिरमाण्डौसम्म PCC बाटो | १९७९९८ | ७०५९३ | ६१०२० | ९५७३ |
| ५५ | बसकटिया PCC बाटो निर्माण | १९७९९९ | ६०१५२ | ५३१९९ | ६९५३ |
| ५७ | टाटेगडो सिचाइ कुलो निर्माण | १९७९९९ | १०६४२५ | ९००१५ | १६४१० |
| ७५ | लवाचौर मन्दिर निर्माण | ३९५९९८ | १३६६८३ | ८३९८९ | ५२६९४ |
| ७७ | खप्तड मा.वि. घेरावार निर्माण | २९६९९९ | ८७७६४ | ४०१४१ | ४७६२३ |
| ७८ | दमाइटोल देखि माईन्डाडासम्म PCC बाटो निर्माण | २९६९९८ | १००६८९ | १००६८९ | ० |
| ७९ | गाडपारी तल्लो बगर सिँचाइ कुलो निर्माण | १९७९९९ | ९५०३१ | ८७९०० | ७१३१ |
| ८६ | खालिगडा देखी भट्टीउन सिचाइ कुलो | २९६९९८ | १६०४२५ | १३५४८१ | २४९४४ |
| ८७ | गौसिनु सिँचाइ कुलो निर्माण | २९६९९९ | १५९५३६ | १४२३०० | १७२३६ |
| | | | | | |

| | | | | |
|---|---|---|---|---|
| ८९ | गोलिका चौर सिँचाइ कुलो निर्माण | १९७९९९ | १०३०७१ | ९३३२१ | ९७५० |
| ९५ | भाडी सिँचाइ कुलो निर्माण | १९७९९८ | ८९६५० | ७४३२२ | १५३२८ |
| जम्मा | | ४२०७३९९ | १७२६८२५ | १३३७२३० | ३८९५९५ |

| | | | | |
|---|---|---|---|---|
| ६५ | | | **सट्टा शिक्षक**<br>१५।२०७७/७/३ यस पालिकाले महेश्वरी मा.वि.का शिक्षकलाई गाउँपालिकाको शिक्षा शाखामा काजमा राखि निजको ठाउँमा कमला कुमारी जोशीलाई सट्टा शिक्षकको रुपमा नियुक्त गरी गाउँपालिकालाई बढी आर्थिक व्यभार पारेको (१२ महिनाको तलब मासिक रु २६६१०, बाह्रमहिनाको महङ्गि भत्ता २४०००.०, पोशाक भत्ता रु १००००.० र चाडपर्वखर्च रु २६६१०) गरी जम्मा रु ३७९९३०.० नियमसम्मत नभएको रु. | ३७९,९३० |
| ६६ | | | **लावाचौर मन्दिर निर्माण**<br>३०।२०७७/८/९ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँचको आधारमा वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ ।यस पालिकाले लावाचौर मन्दिर निर्माण कार्यि गर्दा Stone Masonry with mud Mortar को १४.८५ घनमिटरको कार्यगर्दा ढोका र भ्यान्टिलेसनको भाग नघटाई पुरै भाग नापी गरेकाले उक्त ढोका र भेन्टिलेसनको भाग बापत बढी भुक्तानि भएको कार्य ढोका १ वटा ०.७ घनमिटर र झ्यालको भाग दुइवटाको ०.१६ गरी जम्मा ०.८६ घनमिटरको प्रतिघनमिटर रु ४८३६.८ हुन आउने जम्मा रु ४१६०.० र सरियाको कार्य नापि किताबमा २४७.११ के.जि प्रयोग गरेको उल्लेख छ तर उपभोक्ता समितिले जम्मा २२० के.जि. को मात्र खरिद भएको विल पेश गरेको छ । तसर्थ खरिद भन्दा बढी परिमाण प्रयोग भएको भनि नापि गरेकाले बढी भुक्तानि भएको प्रति के.जि रु १२९.१० का दरले २७.११ के.जि. को रु ३५००.० गरी जम्मा रु ७६६०.० सम्बन्धित मन्दिर निर्माण उपभोक्ता समितिबाट असुल गरिनुपर्दछ । | ७,६६० |
| ६७ | | | **सभा सञ्चालन खर्च**<br>११०।२०७७/११/११ सुदूरपश्चिम प्रदेशले जारी गरेको स्थानीय तहका पदाधिकारीहरुको सुविधा सम्बन्धि ऐन, २०७५ को प्रथम संशोधनमा गाउँपालिकाको बैठकमा पदाधिकारीहरुलाई प्रति बैठक रु १०००.० मात्र उपलब्ध गराउने उल्लेख छ । यस पालिकाले २०७७।१०।१३ मा भएको गाउँसभाको बैठकमा प्रतिव्यक्ति रु १५००.० का दरले ८३ जनालाई जम्मा रु १२४५००.० भत्ता भुक्तानि भएकोले नियमानुसार पाउने भन्दा बढी दर ४२५(कर कट्टि पश्चात) का दरले जम्मा रु ३५२२७.० सम्बन्धितबाट असुल गरिनुपर्ने रु | ३५,२२७ |
| ६८ | | | **बढी भुक्तानी** | १६,९८१ |

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(६) अनुसार उपभोक्ता समितिले हरेक किस्ताको कामो प्राविधिक मूल्यांकन, विल भर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात उक्त त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई समबन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने र तत्पश्चात सम्बन्धित निकायले नियम ९७ (११) बमोजिम कार्यसम्पन्न प्रतिवेदन तयार गरी उपभोक्ता समितिलाई रकम भुक्तानि गर्नुपर्छ । गाउँपालिकाले वडा नं ३ मा आफर निर्माणको stone masonry with mud mortar को १०.३७ घनमिटरको कार्य, wood work को १.१० घनमिटर र stone soiling को ०.५५ घन मिटरमा दर विश्लेषण अनुसार हुनुपर्ने भन्दा बढी दर राखि भुक्तानि गरेकोले उक्त बढी भुक्तानि भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्दछ ।

| योजनाको नाम | भएको कार्य | हुनुपर्ने दर | भएको दर | भुक्तानि भएको | बढि भुक्तानि |
|---|---|---|---|---|---|
| ३ नं वडा आफर निर्माण | **stone masonry with mud mortar** | ४६८२.७ | ५५६४.७ | ५७७०६ | ९१४६ |
| | **stone soiling** | ३२२५.६ | ४५०२.४ | २४७७ | ७०३ |
| | **wood work** | ७१३२ | ९५९९० | १०५५८९ | ७१३२ |
| जम्मा | | | | | १६९८१ |

६९ **आयोडिन नून वितरण** १५०,०००

२१९।२०७८/१/४ पालिकाले यस बर्ष नून वितरणका लागि खप्तड शहस्रलिङ्ग बहुउद्येशिय सहकारीलाई नून वितरणका लागि ढुवानी बापत रु १५००००.० अनुदान दिएकोमा उक्त सहकारी ढुवानी खर्चको विल पेश गर्दा रु २४०००.० बराबरको मसलन्द सामाग्री खरिदको बिल पेश गरेको पाइयो । फरक प्रयोजनमा गरेको खर्च सम्बन्धित बाट असुल गर्नुपर्ने रु २४०००.० र उक्त सहकारीले ९० क्विन्टल नून साल्ट टेडिङ्ग कम्पनीबाट खरिद गरेको तर वितरण गरेको भरपाई पेश नगरेकाले उक्त नून वितरण गरे नगरेको यकिन हुन सकिएन तसर्थ वितरण भरपाई पेश गर्नुपर्ने ।

७० **वडा स्तरिय बैठकबाट योजना परिवर्तन** १४२,५००

२२२।२०७८/१/१४ स्थानीय सरकार सञ्चालन ऐन, २०६४ को दफा १२(२क(१)) मा वडाले योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन गर्नुपर्ने उल्लेख छ । उक्त ऐनमा वडाले सभाबाट विनियोजित कार्यक्रम अनुसार वडाबाट योजना कार्यान्वयन गर्नुपर्ने हुन्छ । वडाले सभाबाट पास भएको योजना परिवर्तन नगरि कार्यान्वयन गर्नुपर्नेमा यस पालिकाको वडा नं ६ को मिति २०७७/ १२/२९ को बैठकले राजकोट आफर निर्माणको बजेट रु १४२५००.० रकमान्तर गरि राजकोट पि.सि.सि बाटो निर्माणमा खर्च गरेको पाइयो । वडाले आफ्नो अधिकार क्षेत्र भन्दा फरक गरि खर्च गरेको रकम नियम सम्मत मान्न नसकिने ।

७१ **द सोनिका युट्युव च्यानल** ८०,०००

| | | | | |
|---|---|---|---|---|
| | | | प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६ को नियम ३७(३) अनुसार खर्चको विलभरपाई वा खर्च पुष्टिको आधार प्रमाण संलग्न राखि बजेट खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यो वर्ष द सोनिका युट्युब च्यानललाई मसलाबाली प्रवर्द्धन कार्यक्रम शिर्षकबाट गाउँपालिका सम्बन्धि डकुमेन्ट्रि निर्माण बापत उक्त युट्युब च्यानलकी प्रयोग सञ्चालिका पुजा कुमारी रोकाया नाताले गा पा अध्यक्षको छोरी पर्नेलाई विल विजक संलग्न नगरी रु ८००००.० भुक्तानि भएको रकम सम्बन्धितबाट असुल गरिनुपर्ने रु | |
| ७२ | | | **दाखिला नभएको**<br>३७६।२०७८/३/१९ आर्थिक कार्यविध तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा खरिद गरी वा नगरी जुनसुकै माध्यमबाट प्राप्त भएको जिन्सी मालसामानको विवरण र मुल्य खुलाइ सम्मपत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गराउनु कार्यालय प्रमुखको कार्य हुने उल्लेख छ । यस पालिकाले २०७८/३/८ मा पन्जिकरण शाखा कार्यक्रम सञ्चालन शिर्षकबाट रु ६००००.० को ४ वटा दराज खरिद गरेको भएतापनि कार्यालयमा दाखिला नगरेकोले उक्त दराज कार्यालयमा भए नभएको यकिन गरी प्रमाण पेश गर्नुपर्ने । | ६०,००० |
| ७३ | | | **सामाजिक सुरक्षा भत्ता**<br>सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगइसकेको स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहवरमा भत्ता रकम वितरण गर्नुपर्नेछ । पालिकाले सामाजिक सुरक्षा भत्ता सम्बन्धित वडा समितिको रोहोवरमा वितरण गरेको पाईएन । | |
| ७४ | | | **लाभग्राहीको अभिलेख**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुँदा १० र ११ मा लाभग्राहीको नाम व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गरी परिचय पत्र जारी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले व्यवस्थापन सूचना प्रणालीमा नाम समावेश भएका तर एकै नागरिकता नम्बर भएका देहायबमोजिमका लाभगाग्रीलाई सामाजिक सुरक्षा भत्ता वितरण गरेकोले के कति कारणले एउटै नागरिकता नम्बर कायम भएको हो एकिन गर्नुपर्ने रु. | ४४,००० |

| सि.नं. | वडा नं. | नाम थर | ना.प्र.नं. | भत्ताको प्रकार | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २ | विमा देवी गिरी | १२८० | जे.ना. | १२००० | काली गिरीको ना.प्र.नं. संग मिलेको |
| २ | २ | लालमती जोशी | ४९२ | ए.म. | २४००० | धन बहादुर खत्री संग मिलेको |
| ३ | ७ | झिरु चदारा | ६७५ | दलित | ८००० | फिटा चदारा संग मिलेको |
| जम्मा | | | | | ४४००० | |

| | | | | |
|---|---|---|---|---|
| ७५ | | | **सामाजिक सुरक्षातर्फ बढी निकासा** | ३२,००० |

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै चौमासिकमा एकै व्यक्तिको नाममा दोहोरो निकासा हुने गरी दोहोरो खर्च लेखेको, मृत्यू भइसकेका लाभग्राहीको लगत कट्टा नगरी बढी खर्च गरेका छन । तसर्थ पालिकाले लाभग्राही लगत अद्यावधिक गरी निम्नानुसार बढी खर्च लेखेको रकम असूल हुनुपर्ने रु

| वडा नं. | नाम थर | ना.प्र.प.नं. | प्रकार | रकम | चौमासिक |
|---|---|---|---|---|---|
| २ | पार्वती देवी गिरी | १५६९ | विधुवा | ८०००.० | प्रथम |
| २ | भेकुडी जोशी | १३५४ | जे.ना. | १२००० | प्रथम |
| २ | जानकी देवी रावल | ७१३०२४।१८४ | जे.ना. | ४००० | तेस्रो |
| ५ | औलादेवी सार्की | २०३७ | दलित जे.ना. | ८०००.० | प्रथम |
| जम्मा | | | | ३२०००.० | |

७६

**नागरिकता नभएकोलाई सामाजिक सुरक्षा भत्ता**

सामाजिक सुरक्षा नियमावली, २०७६ अनुसार सामाजिक सुरक्षा प्राप्त गर्न योग्य नेपाली नगरिकले नियमावलीको अनुसूची १ अनुसारको वैयक्तिक विवरण भरी निवेदन पेश गर्नुपर्ने उल्लेख छ । अनुसूची १ अनुसार लाभग्राहीको नाम, ठेगाना, नागरिकता लगाएतको विवरण भर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले यस आर्थिक वर्षमा नागरिकता प्राप्त गर्ने उमेर पुगेका तर नागरिकता नम्बर नभएका ७३ जनालाई भत्ता वितरण गरी बार्षिक रु.२३३२०००।– खर्च लेखेको छ । उक्त व्यक्ति वास्तविक रुपमा भत्ता प्राप्त गर्न योग्य हुन वा होइनन् छानविन गरी लाभग्राही विवरण अध्यावधिक गर्नुपर्दछ ।

७७

**समिति गठन**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको/समिति गठन भएतापनि ५ वटा बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| ७८ | | | **कार्य योजना**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/ गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |
| ७९ | | | **बार्षिक प्रतिवेदन**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ८० | | | **कोभिड १९ तर्फ**<br>आ.व २०७७।७८ को असाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः | |

| आम्दानी स्रोत | रकम रु | खर्च शिर्षक | रकम रु |
|---|---|---|---|
| गत बर्षको बाँकी | ७२७३३०६.३३ | राहत वितरण | ० |
| स्थानीय तहको आफ्नै वजेटवाट | १००००००.० | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | ४५८६३८६.० |
| संघीय कोभिड कोषवाट | १०६२०७५.० | औषधी एवं स्वास्थ्य उपकरण खरिद | ४७७६०४३.० |
| | | जनसक्ति परिचालन | १८४३३०७ |
| प्रदेश कोभिड कोषवाट | | आइसोलेसन केन्द्र निर्माण | |
| अन्य स्रोतबाट | | खोप कार्यक्रम खर्च | |
| | | जोखिम भत्ता | |
| | | प्रशासनिक खर्च | |
| | | अन्य खर्च | |
| | | वाँकी | ७१२९६४५.३३ |
| **जम्मा** | **१८३३५३८१.३३** | | **१८३३५३८१.३३** |

८१

**पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ७४ मा सार्वजनिक निकायले कुनै प्रयोजनको लागि दिइएको पेश्की सो प्रयोजन सम्पन्न भएको मितिले १५ दिन भित्र फछ्र्यौट भै सक्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कामको लागि पेश्कि दिइएकोमा आर्थिक वर्षको अन्त्य सम्म पेश्की फछ्र्यौट हुन नसकी पेश्की बाकीको विवरण कायम गरेको छ ।

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td>पेश्की लिने व्यक्तिको नाम</td><td>प्रयोजन</td><td>म्याद नाघेको पेश्की रकम</td><td>म्याद ननाघेको पेश्की रकम</td></tr><tr><td>श्री राता ढुँगा निर्माण सेवा</td><td>प्राविधिक शिक्षालय भवन निर्माण</td><td></td><td>५३००००.०</td></tr><tr><td>श्री राता ढुंगा निर्माण सेवा</td><td>प्राविधिक शिक्षालय भवन निर्माण</td><td></td><td>५३००००.०</td></tr><tr><td colspan="2">जम्मा</td><td>०</td><td>१०६००००.०</td></tr></table> | |
| ८२ | | | **आन्तरिक लेखापरीक्षणबाट कायम वेरुजु**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७७ को दफा ८५ मा आन्तरिक लेखापरीणबाट कायम बेरुजू अन्तिम लेखापरीक्षण हुनु सम्म फर्स्यौट भईसक्नु पर्ने व्यवस्था छ । पालिकाको आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित निम्नानुसार ब्यहोराहरु लेखापरीक्षण अवधि सम्म फर्स्यौट नभएकोले नियमानुसार फर्स्यौट हुनु पर्दछ । | |
| ८२.१ | | | २२- तल्ला सेलाघर सि.कु.नि.उ.स.ले योजना सम्पन्न गर्न ५५ कट्टा सिमेन्टको सट्टा ४० कट्टा मात्रै प्रयोग गरी बढी भुक्तानी लिएको रकम असुल गर्नुपर्ने रु. | १३,९३८ |
| ८२.२ | | | २९- दुर्गा महालिङ्ग मा.वि.ले योजना सम्मन्न गर्न १२८ कट्टा सिमेन्टको सट्टा १०० कट्टा मात्रै प्रयोग गरी भुक्तानी लिएकोले बढी भुक्तानी रकम असुल गनुपर्ने रु. | २२,४०० |
| ८२.३ | | | ९२- फुलरा हुडखुडा सि.कु.नि.उ.स. ले योजना सम्पन्न गर्न १०३ कट्टा सिमेन्टको सट्टा ६६ कट्टा मात्रै प्रयोग गरी भुक्तानी लिएकोले बढी भुक्तानी रकम असुल गनुपर्ने रु. | २९,४६७ |
| ८२.४ | | | ९५- वडाकोट सि.कु.नि.उ.स.ले योजना सम्पन्न गर्न ११६ कट्टा सिमेन्टको सट्टा ९६ कट्टा मात्रै प्रयोग गरी भुक्तानी लिएकोले बढी भुक्तानी रकम असुल गनुपर्ने रु. | १७,४०० |
| ८२.५ | | | १८०- श्री भाग्योदय आधारभूत विद्यालयले योजना सम्पन्न गर्न ४२६ कट्टा सिमेन्टको सट्टा ३७६ कट्टा मात्रै प्रयोग गरी भुक्तानी लिएकोले बढी भुक्तानी रकम असुल गनुपर्ने रु. | ३२,०८० |

| | | | | |
|---|---|---|---|---|
| ८२.६ | | | २०६- गौरिशंकर रोकायले रु.१९३०००.० को पे.फ. गराएकोमा अग्रीम आयकर दाखिला नगरिएको रकम असुल गर्नुपर्ने रु. | २,८९५ |
| ८२.७ | | | शसर्त पूँजीगत तर्फः<br>३१- सिमिनि सि.कु.नि.उ.स.ले रु.३०००००० भुक्तानी लिएकोमा योजना सम्पन्न गर्न ६१ कट्टा सिमेन्टको सट्टा ४५ कट्टा मात्रै प्रयोग गरी भुक्तानी लिएकोले बढी भुक्तानी रकम असुल गनुपर्ने रु. | १४,०८० |
| ८२.८ | | | ४५ गोर्खाली झोलुङ्गे पुलले रु.८८६२१२.० भुक्तानी लिएकोमा सक्कल विल पेश गर्नुपर्ने रु. | ८८६,२१२ |
| ८२.९ | | | ५०- श्रेष्ठ मल्टी सप्लायर्सले रु.२४५०० भुक्तानी लिएकोमा सक्कल विल पेश गर्नुपर्ने रु. | २४,५०० |
| ८२.१० | | | प्रदेश पूँजीगत तर्फ<br>२- श्री नवदुर्गा घेरवार उ.स.ले रु.१००००००।– भुक्तानी लिएकोमा योजना सम्पन्न गर्न १५३ कट्टा सिमेन्टको सट्टा ११० कट्टा मात्रै प्रयोग गरी भुक्तानी लिएकोले बढी भुक्तानी रकम असुल गनुपर्ने रु. | ३४,४०० |
| ८२.११ | | | १६- खप्तड मा.वि. घेरावार नि.स.ले प्राविधिक रिपोर्ट वनि रु.७०००००.० भुक्तानी लिएकोले प्राविधिक रिपोर्ट पेश गर्नुपर्ने रु. | ७००,००० |
| ८३ | | | अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । | |

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| ७५३४२ | १००२९ | ६५३१३ |

यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्र्योटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १ | २०७६।७७ | ५३ | स्वास्थ्य जनसंख्या कार्यक्रममा वढी खर्च रकम असुल | १५८०० | | | | १५८०० |
| २ | | ४४ ग र घ | विद्यालय भवन र शौचालय निर्माण | | ६७३१४९७ | | | ६७३१४९७ |
| ३ | | ४१ | गोर्खाली भो.पु. अग्रिम आय कर दाखिला | ५६९२५ | | | | ५६९२५ |
| ४ | | ५१ | सेनिटरी प्याड ढुवानी भर्पाइ पेश | | १८०००० | | | १८०००० |
| ५ | | ७३ | आयोडिन नुन ढुवानी वडा नं. ५ | | ९९५७६ | | | ९९५७६ |
| ६ | | ८४,८५,८६ | सलह किरा नियन्त्रण भ्रमण खर्च रकम दाखिला तथा प्रमाण पेश | ५७४० | ११६७८५ | | | १२२५२५ |
| ७ | | ८७ | पर्यटकीए स्थल को डकुमेन्ट्रि निर्माण सम्झौता पेश भएको | | २००००० | | | २००००० |
| ८ | | ९४ | सामाजिक सुरक्षा दोहोरो भुक्तानी असुल वडा नं. २ | ६४०० | | | | ६४०० |
| ९ | | १०१ | सत्यराज जोशी, लबराज भट्टराइ र भेराखानि ल.ज.यो. पेश्की फछ्र्योट | ७५००० | | | १६०००००० | १६७५००० |
| १० | | ७५ | गाउँसभा बढी भुक्तानी रकम असुली | ३१४५० | | | | ३१४५० |
| ११ | | ६४ | तलब बढी भुक्तानी रकम असुल | १९९५ | | | | १९९५ |
| १२ | | ६६ | स्टेशनरी पान विल प्रमाण पेश | | ५४२७० | | | ५४२७० |
| १३ | २०७५।७८ | १२.२ | पाइप खरिद नापि किताबमा फरक परेको प्रमाण पेश | | ८५४००० | | | ८५४००० |
| जम्मा | | | | १९३३१० | 8236128 | | 1600000 | १००२९४३८ |


https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| ८४ | | | बेरुजु अद्यावधिक<br>यस पालिकाको २०७६।७७ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ<br><br><table><tr><td>गत वर्षसम्मको बाँकी बेरुजू (A)</td><td>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</td><td>यो वर्ष कायम बेरुजू(C)</td><td>संपरीक्षणबाट कायम बेरुजू(D)</td><td>अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D)</td></tr><tr><td>७५३४२</td><td>१००२९</td><td>३६३६३</td><td>०</td><td>१०१६७६</td></tr></table> | |